# नारायणी डेभलपमेन्ट बैंक लिमिटेड चितवनको
# १९औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिको मिति २०७७/०९/२१ गते मंगलवारको निर्णयानुसार यस कम्पनीको १९ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले शेयरधनीहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको मिति, समय, स्थान**

मिति : २०७७ माघ १६ गते शुक्रवार ।
स्थान : स्टार व्याङक्वेट, रत्ननगर, चितवन ।
साधारण सभा हुने समय : दिउसो १:०० बजे ।

**छलफलको विषय :-**

**(क) साधारण प्रस्ताव**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युको आ.व.२०७६/०७७ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्तको वितीयविवरण, सोही मितिमा पेश भएको आ.व.२०७६/०७७ को नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र सो सँग सम्बन्धित अनूसुचीहरु सहितको वित्तीय विवरणहरु पारित गर्ने ।

(३) बैंकको आ.व. २०७७/०७८ को लेखापरीक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक नियुक्ति तथा अनुमोदन गर्ने ।

(५) विविध ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) जारी तथा चुक्ता पूँजी बृद्धी गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा आ.व.२०७५/७६ को २०७७ अश्विन १६ गते सम्पन्न बैंकको १८औं बार्षिक साधारण सभाबाट पारित तत्काल समयमा कायम चुक्तापूँजी रु.६,५६,१६,९००।-(अक्षेरेपी छ करोड छपन्न लाख सोह्र हजार नौ सय) को १:१ (एक बराबर एक) हकप्रद शेयर जारी गर्न नेपाल धितोपत्र वोर्ड वाट मिति २०७७/०९/२० मा स्वीकृति प्राप्त भई हकप्रद शेयर जारी गर्ने प्रक्रियामा रहेकाले उक्त हकप्रद शेयर निष्कासन तथा बाँडफाँड पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.१३,१२,३३,८००।- (अक्षेरेपी तेह्र करोड बार लाख तेतीस हजार आठ सय) मा १:२ (एक बराबर दुई) अनुपातमा हकप्रद शेयर जारी गरी चुक्ता पूँजी रु.३९,३७,०१,४००।- (अक्षेरेपी उन्नानचालीस करोड सैतीस लाख एक हजार चार सय) पुऱ्याउने, तदनुरुप कम्पनीको प्रबन्धपत्र, नियमावलीमा जारी र चुक्ता पूँजी संशोधन गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

(२) नेपाल राष्ट्र बैंकको निर्देशानुसार "ख" बर्गको जिल्ला स्तरीय विकास बैंकलाई न्युनतम चुक्ता पुँजी रु.५०,००,००,०००।- (अक्षेरेपी पचास करोड) पुर्‍याउन पर्ने भएकोले कम्पनीको अधिकृत, जारी र चुक्तापुँजी बृद्धी गर्ने र तदनुरुप हुने गरि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक शंसोधन गर्ने ।

(३) यस नारायणी डेभलपमेण्ट बैंक लि.र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) हुने, रणनीतिक साझेदार, नयाँ लगानीकर्ता भित्रयाउने प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था, साझेदार, लगानीकर्ताको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मुल्याकंन (Due Diligence Audit) गर्ने परामर्शदाता, मुल्याकंनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने ।

(४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा कम्पनीको आवश्यकता अनुसार तथा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, सुझाव भएमा सोही अनुसार आवश्यक फेरवदल गर्न संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृति दिने ।

(५) विविध ।

## १९ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१९औं वार्षिक साधारण सभा प्रयोजनका लागि २०७७।०९।२९ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०७७।०९।२८ गते सम्म नेपाल स्टक एक्सचेञ्जमा कारोबार भै प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइ.एम.इ क्यापिटल लि. मा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन हाजिर गर्न योग्य हुनेछन ।

**(नोट: थप अन्य जानकारीको लागी यस बैंकको केन्द्रीय कार्यलय रत्ननगर, चितवनमा सम्पर्क गर्नुहोला वा बैंकको सुचना पाटीमा हेर्नु होला )**


**नारायणी डेभलपमेन्ट बैंक लि.**
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

**केन्द्रीय कार्यालय :**
रत्ननगर-१, चितवन, नेपाल
फोन नं. ०५६-५६१२५८, ५६०६०८
E-mail: info@ndbl.com.np


२०७७/०९/२२ आर्थिक अभियान